दलित

# निगरानी

१५ दिने

वर्ष १, अङ्क १२, २०६६ (1–15 Jun. 2010)


## यस अङ्कमा


गतिविधि - २

रिपोर्ट

जिल्ल परे दलित - ३

समाचार - ४

टिप्पणी

पीडा धेरै, कारबाही कम

गणेश वि.क. 'देउल्याल' - ५

विचार

सेतु बन्न तयार होऊ

शान्ति वर्मा - ६

प्रश्नोत्तर

बुर्जुवा गणतन्त्रमा मुक्ति असम्भव

चित्रबहादुर के.सी. - ७

सभासद् चिनारी

'संघर्षले जन्माएको नेता' - ८


सम्पादकीय

## दलित सभासद् सक्रिय होऊ

अन्तरिम संविधानले देश संघीय गणतन्त्रको व्यवस्था अंगिकार गरेपछि अहिले त्यसलाई गलत ढंगले प्रयोग गर्दै विभिन्न दल र जातीय समूहले नेपाललाई आ-आफ्नै तरीकाले भागवण्डा लगाउने प्रयत्न गरिरहेका छन् । माओवादी विद्रोह वर्ग संघर्षमा सार्थक नहुने भएपछि उसले फालेको जातीय संघीयताको जालोले व्यक्ति, समूह, मूलधारका राजनीतिक दल र प्रकारान्तरले देशलाई नै बेरिसकेको छ । देशमा जातीय जनसंख्याको बनोट बाहुन र क्षेत्रीलाई मिलाउँदा ३० प्रतिशत भएपनि वाँकी सबैको जनसंख्याका १० प्रतिशतभन्दा कम छ । तर १० प्रतिशतभन्दा कम जनसंख्या भएका आदिवासी/जनजाति समूहले राज्यको दाबी गरिरहेका छन् । जनजातिमध्ये सबैभन्दा बढी जनसंख्या भएको मगरले मगरात, थारुले थरुहट, ५ प्रतिशतको हाराहारीमा रहेका नेवारले नेवा, तामाङले ताम्सालिङ, करीव ३ प्रतिशतको हाराहारीमा रहेका राई र लिम्बू र गुरुङले किराँत, लिम्वुवान र तमु राज्यको दाबी गरेका छन् ।

यस्तो मागदावीले कतै देश किरात, लिम्वुवान र तमुवानलगायतका जातीय टुक्रामा विभाजन हुने त होइन भन्ने आशंका उब्जिएको छ । तर यो स्थितिमा राज्यले देखाएको १३ र दावी गरिएको २० प्रतिशत जनसंख्या रहेको दलितको स्थान के हुने भन्ने कुरामा एकप्रकारको अन्यौलमात्र हाइन, मौनता पनि छाएको छ । राजनीतिक पार्टी तथा जनजातिहरूले आफ्नो बाहेक यो देशमा अरूको अस्तित्व नै नभएको जस्तो निकृष्ट व्यवहार प्रदर्शन गरेका छन् । अझ निन्दनीय त के छ भने नयाँ नेपालमा दलितको स्थान के हुन्छ भन्ने बारेमा स्वयं राजनीतिक पार्टीका दलित भातृ संगठन, दलित सभासद् तथा दलितका नागरिक समाज पनि बेखबर देखिएका छन् । संघीयतामा दलितको स्थान के हुन्छ भन्ने बारेमा केही भन्न नसक्नु उनीहरूको नियोजित चाल नै हो कि जस्तो लाग्न थालेको छ ।

संविधानसभाको चुनावका बेला वाहुन र क्षेत्रीले समानुपातिक निर्वाचन प्रणालीको घोषणा गर्दा अन्य भन्ने समूहमा आफ्नो भाग सुनिश्चित गर्नुका साथै २०५ को प्रत्यक्ष निर्वाचन क्षेत्रलाई वढाएर २४० पुऱ्याए । उनीहरूले संघीयतामा पनि आफ्नो भाग सुनिश्चित गर्ने निश्चित देखिन्छ । एमालेले पछिल्लो पटक प्रस्ताव गरेको राज्यको विभाजनमा रिडि प्रदेशका नाउँमा घुमाउरो तरीकाले बाहुन क्षेत्रीको छुट्टै राज्यको अवधारणा अगाडि सारेको छ । यस्तो अवस्थामा दलित समुदाय मौन रहनुको अर्थ गम्भीर छ । दलितहरू यतिबेला कहाँ हो कहाँको अवस्था छन् ।

नेकपा माओवादीको जनयुद्धमा ११ सयभन्दा बढी दलितले आहुति दिएका छन् । संविधानसभाका ४८ जना दलित सभासद्मध्ये २२ जना माओवादीका छन् । तर उनीहरूले संघीयतामा दलितको स्थान के हुने भन्ने विषयमा नत पार्टीको धारणा स्पष्ट पार्न सकेका छन् न आफ्नो धारणा । माओवादीनिकट दलित भातृसंगठन नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चासमेत यो कुरामा मौन देखिएको छ । एमाले र नेपाली कांग्रेस समर्थित दलित भातृसंस्थाहरू पनि माऊ पार्टीका संघीयता सम्बन्धी प्रस्तावमा चुँ सम्म बोल्न सकेका छैनन् । यसले दलितलाईलाई आश्चर्यमा पारेको छ । उता दलित सभासदहरू संविधानसभामा आफू पार्टीको प्रतिनिधि वा दलितका प्रतिनिधि हुँ भन्ने विषयमा समेत अन्योलमा परेका छन् । तर तिनले के कुरा भुल्न नहुने हो भने एक दुई जनाबाहेक सबै दलित सभासद्हरू दलित समुदायकै भएकोले विभिन्न पार्टीहरूले समावेशी देखिन र कोटा पुऱ्याउन उनीहरू सभासद् वनाएका हुन् । यदि उनीहरू दलित नभएको भए तिनको हैसियत गैरदलित कार्यकर्ताहरू जस्तो मात्रै हुने थियो, नकि सभासद्को ।

त्यसैले हामीलाई लाग्छ, ४८ जना दलित सभासद् सबैभन्दा पहिले दलितका प्रतिनिधि हुन् त्यसपछि पार्टीका । तर उनीहरूको व्यवहार ठीक उल्टो छ । यस प्रकारको गलत व्यवहार सच्याएर दलित समुदायको मुक्ति र उन्नतिलाई मुख्य नठानी दलित समुदायप्रति दलित सभासद्ले न्याय गरेको ठानिने छैन । यतिबेलाका प्रमुख राजनीतिक विषय वस्तु र संविधानसभाका चाम्रा विषयवस्तुमा दलितको स्थान खोज्नेतिर दलित सभासद्को पहलकद्मी बढ्न आवश्यक छ । संघीयताबारे दलित सभासद्को एकमना धारणा बाहिर आउन ढिलो भइरहेको छ । किनभने केहीले बुझेर वा लहलहैमा दलितलाई पनि जातीय राज्य चाहिन्छ वा गैरभौगोलिक संघीयतामा दलितको हित हुन्छ भनेर त्यसले आगामी संविधानमा स्थान पाउने कल्पना गर्न सकिदैंन । यस मामिलामा अरूको भन्दा बढी सभासद्को सक्रियता चाहिन्छ ।


सल्लाहकार

राजकुमार त्रिखत्री

गणेश विके देउल्याल

डा.द्रोणप्रकाश रसाली (क्यानडा)

कृष्ण सोव (अमेरिका)

रुपेश सिलवाल (बेलायत)

धनकुमारी सुनार

प्रधान सम्पादक

हीरा विश्वकर्मा

विशेष संवाददाता

गोपाल बराइली

व्यवस्थापन

अनन्त यात्री विक

उमेश राना

लालबाबु महरा

कार्टुनिस्ट

उमेशचन्द्र अधिकारी

प्रकाशक

**राष्ट्रिय दलित नेटवर्क र**

**दलित अध्ययन तथा विकास केन्द्र**

अनामनगर, काठमाडौं ।

फोन–०१–६९११६७३

**नेपाल दलित इन्फोको सहभागितामा**

Email: dalitnigarani@gmail.com

web: www.nepaldalitinfo.20m.com

www.pustakalaya.org


**अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान**

**निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान**

# ‘दलितको राज्य बन्नसक्छ’




*काठमाडौं । १० पुसमा वाग्लुङ नगरपालिकामा आयोजित ‘संघीयतामा दलित’ विषयक अन्तरक्रियामा धेरै दलितहरूले दलित राज्यको माग गरेका छन् । कार्यक्रममा दलित अधिकारकर्मी हीरा विश्वकर्माले राष्ट्रिय दलित नेटवर्क तथा दलित अध्ययन तथा विकास केन्द्रले तयार पारेको ‘संघीयतामा दलितको स्थान’ विषयको अवधारणापत्र प्रस्तुत गरेका थिए । सो कार्यक्रममा वाग्लुङ, पर्वत तथा म्याग्दी जिल्लामा कार्यरत दलित अधिकारकर्मीको उपस्थिति रहेको थियो ।*

*अहिले दलितको संघीयतामा के हुने भन्ने विषयमा तीनवटा अवधारणा वाहिर आएको चर्चा गर्दै विश्वकर्माले पहिलो अवधारणा अनुसार अहिले विभिन्न राजनीतिक तथा जातीय समुहबाट प्रस्ताव गरिएको संघीयताभित्र दलितले विशेष अधिकार खोज्ने, गैरभौगोलिक संघीयताको माग गर्ने र छुट्टै दलितको राज्यको माग गर्ने रहेका छन् । त्यसमध्ये जनसंख्याको उपस्थिति, ऐतिहासिकता तथा उत्पीडनलाई आधार मान्दा दलितको छुट्टै राज्य पनि स्थापना गर्न सकिने सम्भावना औंल्याएका थिए । वाग्लुङ, पर्वत, म्याग्दी तथा प्युठानलाई समेत जोड्दा दलितको जनसंख्या दोस्रो स्थानमा आउने भएकाले त्यो क्षेत्रलाई सर्वजीत गणराज्य स्थापना गर्न सकिने कुरा औंल्याइएको थियो । सो सम्भावनाबाट उत्साहित भएर सो कार्यक्रममा भेला भएका दलितले दुई महिनाभित्र सर्वजीत गणराज्य घोषणा गर्ने कार्यक्रम सार्वजनिक गरेका छन् ।*

*सो गणराज्य घोषणा कार्यक्रमक सफल पार्नका लागि यामवहादुर चर्मकारको संयोजकत्वमा तीनै जिल्लाका दलित प्रतिनिधिहरू सम्मिलित धौलागिरी अञ्चलस्तरीय उत्पीडित दलित सञ्जाल पनि स्थापना गरिएको छ । गणराज्य घोषणाको नेतृत्व सोही सञ्जालले गर्ने पनि जनाइएको छ । सो कार्यक्रमका लागि आर्थिक स्रोत जुटाउने अभियान पनि सुरु भइसकेको छ । सो घोषणासभालाई भव्य रुपमा सफल पार्नका लागि जिल्ला क्षेत्र तथा केन्द्रबाट समेत सवै खाले जनशक्ति परिचालन पनि गरिने भएको छ ।*

## पाठक प्रतिक्रिया

### निगरानीप्रति आभारी छु

दलित निगरानीको ११औं अङ्कमा मेरो जीवनी लेखेर पाठकसमक्ष पुऱ्याई दिएकोमा दलित निगरानी परिवारप्रति आभारी छु । दलित निगरानीको यस्तो प्रयासले पक्कै पनि दलित सभासद्हरूको मनोवल उच्च हुनेछ । सो अङ्कमा केही तथ्यहरू फरक परेका छन् । अछाम जिल्लाको कुल जनसंख्या २ लाख ३२ हजार हो र त्यसमध्ये दलितको जनसंख्या २८ प्रतिशत मात्रै छ । जनसंख्या जतिसुकै वढी भएपनि आखिर दलितले पीडा भोग्नु नपरेको कहाँ पो छ र ? जनालीबण्डालीमा अन्य ठाउँको तुलनामा दलित समुदायले कम पीडा भोगेका छन् । अर्को कुरा परिचयको क्रममा दलितका लागि मात्रै संघीयता उपयुक्त हुँदैन तर बिकासका दृष्टिले संघीयता उपयुक्त हुन्छ भन्ने हो ।

**– भैरे कामी**
**सभासद्, नेकपा(एमाले) अछाम**



# जिल्ल परे दलित

***संवैधानिक समितिको प्रतिवेदनलाई कतिपय दलित सभासद्, दलित अधिकारकर्मी तथा दलित नागरिक समाजका अगुवाहरुले प्रस्तावनालाई 'झारो टार्ने मेलो' भएको संज्ञा दिएका छन् ।***

■ गोपाल बराइली

काठमाडौं । संविधान निर्माण गरिसक्ने समय सीमा छोटिदै गएको छ । विषयगत समितिका अवधारणाहरू संसद्मा पेश हुने क्रम जारी छ । विषयगत समितिहरू मध्येकै महत्वपूर्ण भनिएको संवैधानिक समितिको अवधारणा संविधानसभामा पेश भइसकेको छ । अन्य समितिहरूद्वारा पेश गरिएका अवधारणाहरू विवादरहित बन्न सकेनन् भने संवैधानिक समितिको अवधारणामा सहमति हुन नसक्दा मतदानसमेत भयो ।

संवैधानिक समितिको मुख्य जिम्मेवारी भनेको संविधानको प्रस्तावना तयार गर्ने हो । प्रस्तावना संविधानको ऐना हो । प्रस्तावना हेरेपछि त्यो संविधान जनता केन्द्रित छ कि छैन भन्ने बुझिन्छ । आफ्नो अधिकार संविधानमा ग्यारेन्टी गरिएको छ कि छैन भन्ने प्रस्तावनाबाटै थाहा पाइने भएकोले सम्पूर्ण जात, जाति, वर्ग र समुदायले आफ्ना अधिकारहरू प्रस्तावनामै समेटियोस् भन्ने चाहाना राख्छन् । तर हालै संविधानसभामा पेश भएको संवैधानिक समितिको अवधारणामाथि दलित समुदायले भने तीव्र असन्तोष जनाएका छन् ।

वर्षौंदेखि सामाजिक उत्पीडन भोगेको दलित समुदायले अब बन्ने संविधानले दलित समुदायलाई उन्मुक्ति दिन्छ भन्ने सोचेका थिए । तर, संवैधानिक समितिको मस्यौदा हेर्दा दलित समुदाय जिल्ल परेका छन् । संविधानको प्रस्तावनामा छुवाछूतमुक्त राष्ट्र घोषणा कार्यान्वयनमा प्रतिवद्धता जनाइन्छ भन्ने दलित समुदायले सोचेका थिए । तर, संवैधानिक समितिको मस्यौदामा 'वर्णव्यवस्थाजन्य जातपात र छुवाछूतलगायत सबै प्रकारको विभेदको अन्त्य गर्दै' भनेर उल्लेख गरिएको छ । यसलाई कतिपय दलित सभासद्, दलित अधिकारकर्मी तथा दलित नागरिक समाजका अगुवाहरूले प्रस्तावनालाई 'झारो टार्ने मेलो' भएको संज्ञा दिएका छन् ।

पुस १० गते भएको मस्यौंदामाथिको मतदानमा दलित जनजाती पार्टीका अध्यक्ष विश्वेन्द्र पासवानले त संवैधानिक समितीको मस्यौंदाले ब्राह्मणवादी समाजको उत्पीडनमा परेका दलित पिछडा वर्ग संवैधानिक समितिको मस्यौंदाले ब्राह्मणवादी समाजको उत्पीडनमा परेका दलित पिछडावर्ग, मुस्लिम समुदायको हित नगर्ने भन्दै मतदान बहिस्कार गरेका थिए । उनको बहिष्कारलाई धेरैले समर्थन गरेपनि संवैधानिक समितिमा भएका दलित सभासद्हरूले सहयोग नगरेको उनले आरोप लगाएका छन् । 'बाहुनका पिछलग्गुहरूले संविधान पनि बाहुनकै पक्षमा लेख्ने भए' उनले भने, 'चलाख बाहुनहरूले घुमाउरो शैलीमा आफ्नो पक्षमा बनाएको संविधानलाई दलित सभासद्हरूले अन्धभक्त भएर सहयोग गरेका छन्, यो गलत हो ।'

संवैधानिक समितिका अर्का दलित सभासद् खड्गबहादुर विश्वकर्मा हो भने उनको आरोपको खण्डन गरे । 'निर्वाचनको प्रक्रियामा जाँदा दलितका लागि विशेषाधिकार फेल भयो' उनले भने,- 'संविधानको प्रस्तावनामा छुवाछूतलाई सामाजिक अपराध स्वीकार गर्नु पर्थ्यो, त्यसलाई स्वीकार नगरिएकोमा आपत्ति जनाउँदै फरक मत राखिसकेका छौं ।' संवैधानिक समितिमा राजनीतिक दलका शीर्ष नेतृत्वसहित दलित समुदायको तर्फबाट विश्वेन्द्र पासवान र रुपा वि.क. सदस्य छन् । समिति ६३ जनाको छ ।

दलितका विभिन्न संगठनहरूले दलितका सवालहरू समेट्न सुझाव नदिएका भने होइनन् । राजनीतिक दलका जनवर्गीय संगठनहरू जातीय समता समाज, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाले मात्रै संवैधानिक समितिलाई लिखित सुझाव पठाएका थिए । त्यसका अलावा राष्ट्रिय दलित आयोग, राष्ट्रिय दलित नेटवर्क, मधेशी दलित विकास महासंघ, दलित नागरिक समाज सञ्जाल, न्यायपूर्ण समाजका लागि दलित नागरिक समाज संस्थाहरूको सञ्जालको पनि पत्रमार्फत् सुझाव पठाएका थिए । नेपाल दलित श्रमिक मोर्चा, दलित महिला संघ, दलित हित विद्यार्थी संगठन, दलित नागरिक समाज र दलित सेवा संघको सुझाव भने संवैधानिक समितिको कार्य क्षेत्रभित्र नपर्ने भन्दै समिति पन्छिएको छ । समितिमा ३ सय ८० वटा सुझाव आएकोमा दलितहरूको तर्फबाट २४ वटा सुझावहरू आएका थिए ।

त्यसो त संवैधानिक समितिले नसमेटेको विषयमा फरक मत राख्दै सभासद् तथा राजनीतिक पार्टीहरूले दलितका सवालबारे संशोधन प्रस्ताव पेश गरेका छन् । संवैधानिक समितिको निर्वाचन बहिष्कार गरेका विश्वेन्द पासवानले ५ जना सभासद्सँग मिलेर दलित, पिछाडावर्ग र मुस्लिम समुदायको आनदोलन थप्नु पर्ने, दलित, महिला, पिछडावर्ग र मुस्लिम समुदायले खोल्ने राजनीतिक पार्टीलाई ४० प्रतिशतसम्म ३० वर्षसम्मका लागि अनुदान दिनुपर्ने जस्ता संशोधन प्रस्ताव पेश गरेका छन् । दलित समुदायको लागि विशेषाधिकारको माग राख्दै आएको एनेकपा (माओवादी)ले आफ्नो संशोधन प्रस्तावमा 'विशेषअधिकार' समावेश गरेका छैनन् बरू, संविधानको प्रस्तावनामा 'वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गीय र छुवाछूतजन्य वर्णव्यवस्थाको उत्पीडनलाई अन्त्य गर्न राज्यको अग्रगामी पुनर्सरचना गर्दै', वाक्यांश राख्न माग गरेको छ ।

नेपाल मजदुर किसान पार्टीले जात, जाति, धर्म र क्षेत्रको आधारमा दल खोल्न नपाइने प्रस्ताव पेश गरेको छ । राष्ट्रिय जनमुक्ति पार्टीले जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक हुनुपर्ने, राष्ट्रिय जनमोर्चाले जातीय विभेद र उत्पीडनको पीडालाई स्मरण गर्नु पर्ने संशोधन प्रस्ताव पेश गरेकोछ । संवैधानिक समितिको मस्यौंदामा २३ वटा फरक मत परेका छन् ।

**"चलाख बाहुनहरूले घुमाउरो शैलीमा आफ्नो पक्षमा बनाएको संविधानलाई दलित सभासद्हरूले अन्धभक्त भएर सहयोग गरेका छन्, यो गलत हो ।"**

संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले संविधानसभाले फरक मतको कदर गर्ने बताएका छन् । सभापति आचार्यको भनाइमा पूर्ण संविधान बन्दा दलित समुदाय अधिकारबाट बञ्चित हुने छैनन् । समितिका सदस्य तथा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री खड्गबहादुर बस्याल भने संविधानको प्रस्तावनामा 'विगतमा छुवाछूत भएकोमा पश्चाताप गर्दै' भन्ने नराखिए आन्दोलन गर्ने चेतावनी दिएका छन् । अब बन्ने नयाँ संविधानले दलितलाई अधिकार सम्पन्न गराउँछ कि गराउँदैन, त्यो भने हेर्न बाँकी नै छ ।

# नयाँ संविधान त्रुटिपूर्ण हुन्न: सभापति आचार्य

### आफ्नो अधिकारका निम्ति दलित समुदायले राजनीतिक दल र सभासद्हरूलाई झकझक्याउन जरुरी

काठमाडौं । संवैधानिक समितिका सभापति निलाम्बर आचार्यले दलित समस्या समाधान गर्न सामाजिक अभियान सञ्चालन गर्नु पर्ने बताएका छन् । उनले राज्यले इमान्दारिताका साथ छुवाछूत अन्त्य गर्ने प्रण गर्ने हो भने दलित समुदायले अपेक्षा गरेभन्दा चाडो दलित समस्या समाधान हुने दाबी गरे ।

१० पुसमा दलित सेवा संघले राजधानीमा आयोजना गरेको विषयगत समितिका अवधारणामाथि दलितको दृष्टिबाट गरिएको तुलनात्मक विश्लेषणसम्बन्धी कार्यक्रममा आचार्यले अबको संविधानबाट कुनै पनि जात जातिले अधिकार नपाएको गुनासो गर्ने ठाउँ नहुने ठोकुवा गरे । 'संविधान, ऐन, कानुन, सरकारी नीति र व्यवहारमा एकरूपता भने हुनुपर्छ, त्यसका लागि हरेक नागरिकले आफ्नो हैसियत अनुसारको पहल गर्नुपर्छ ।' उनको कथन थियो ।

अबको संविधान विगतका झैं त्रुटिपूर्ण हुने र दलित समुदाय अधिकारबाट बञ्चित हुने अवस्था आउला कि भन्ने शंका उठे त्यस्तो शंका नगर्न उनले आग्रह गरे । अधिकतम् अधिकार प्राप्तीका लागि दलित समुदायले राजनीतिक दल र सभासद्हरूलाई झकझक्याउन सक्नुपर्ने आचार्यको सल्लाह थियो ।

कार्यक्रममा माओवादी सभासद् तिलक परियारले संविधान बनाउन नदिने षडयन्त्र भइरहेकाले दलित समुदायले सचेततापूर्वक आन्दलोलन गर्नु पर्ने बताए । 'संविधान नबन्दाको ठूलो घाटा दलित समुदायले भोग्नुपर्छ, त्यसका लागि दलित समुदाय ब्यूँझनु पर्छ' उनले भने 'दलित समुदाय इतिहासमै इमान्दार थिए भन्ने देखाउनकै लागि भए पनि अहिलेसम्म दलित समुदायले शान्तिपूर्ण रूपमा आन्दोलन गरेको र यसलाई कसैले कमजोरी ठाने ठूलो भूल हुनेछ ।' सो कार्यक्रममा राजनीतिक विष्लेषक परशुराम घिमिरेले राज्यको हरेक तह र निर्वाचन क्षेत्रमा समेत दलितका लागि आरक्षण तोकिनु पर्ने बताए ।

दलित सेवा संघका अध्यक्ष गजाधर सुनारको सभापतित्वमा भएको सो कार्यक्रमा सभासद्हरू भैरे कामी, धर्म विश्वकर्मा, शेरबहादुर कुँवर, मंगल विश्वकर्मा, दलित गैरसरकारी संस्था महासंघका कार्यकारी निर्देशक तीर्थ वर्मा, दलित बुद्धिजीवी यमबहादुर किसान, मोतीलाल नेपाली लगायतले संविधानसभामा विषयगत समितिका अवधारणाले दलितलाई न्याय गर्ने सम्भावना नदेखिएकाले दलितहरूको एकीकृत आन्दोलन हुनुपर्नेमा जोड दिएका थिए ।

# 'दलित राज्य चाहिन्छ'

### अरु जातिको छुट्टै संघ वा प्रदेश बन्न सक्छ भन्ने दलितको पनि बन्नुपर्छ

काठमाडौं । संघीयताको विरोध गरिरहेको राष्ट्रिय जनमोर्चाको जनवर्गीय संगठन जातीय समता समाजले संघीयता दलितका लागि घाँडो हुने जनाएको छ । तर अरू पार्टीका दलित जनवर्गीय संगठनहरू संघीयताका बारेमा मौन देखिएका छन् । तथापि ती संगठनहरू अरु जातिको छुट्टै संघ वा प्रदेश बन्न सक्छ भन्ने दलितको पनि बन्नुपर्छ भन्ने मानसिकतामा भने उनीहरू पुगेका छन् । राजधानीमा हुने अधिकांश कार्यक्रमहरूमा दलित वक्ताहरूले दलितका लागि दलित कै नामबाट संघ, राज्य वा प्रदेश बनाइनुपर्छ भन्न थालेका छन् ।

संवैधानिक सम्वाद केन्द्रले ८ पुसमा गरेको 'संघीयतामा दलित' विषयक कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले न संघीय राज्यको विरोध गरे न समर्थन नै । बरु संघीय राज्य बनाउने नै हो भने दलितले पनि आफ्नो समुदायको नामबाट राज्य माग्न सकिने बताए । कार्यपत्र प्रस्तुत गर्दै कमला हिमचुरीले दलितका लागि छुट्टै राज्य चाहिने जिकिर गरिन ।

अर्को कार्यपत्र प्रस्तुतकर्ता रणेन्द्र बरालीले दलितका लागि गैरभौगोलिक संघीय राज्य चाहिने बताए । नेपाल दलित संघका कार्यवाहक अध्यक्ष छत्र टेलरले जातीयताका आधारमा संघ बन्नै नहुने तर बनेरै छाड्ने भए दलितका लागि छुट्टै संघ बनाइनु पर्ने बताए । उनले दलितका लागि प्रान्तीय नभएर केन्द्रीय अधिकार दिनुपर्ने बताए ।

दलित बुद्धिजीवी डा. चेतबहादुर परियारले संघीयतामा जाने भनिए पनि संयम अपनाउन नसके देश टुक्रन सक्ने खतरा औंल्याए । संघीयता चुनौतिपूर्ण भएकाले जातीय इकाई बनाए पनि जातीय राज्य बन्न नसक्ने उनको तर्क थियो । तर अर्का वक्ता नारायण नेपालले जातीय राज्यको पुच्छर नसमात्न दलित समुदायलाई आग्रह गरे । दलितका लागि अभौगोलिक राज्य चाहिन्छ भनिएकोमा उनी आश्चर्यमा परे । 'भूगोल सिमावीनाको संघीयता हुन्छ र ?' उनले प्रतिप्रश्न गरे ।

संवैधानिक सम्वाद केन्द्रका मानबहादुर विश्वकर्माको सभापतित्वमा भएको सो कार्यक्रममा करिव एक दर्जन वक्ताहरूले बोलेका थिए ।

## सच्याइएको

दलित निगरानीको ११औं अङ्कको पेज ३ मा प्रकाशित संविधान निर्माण प्रक्रियामा मुक्ति समाजको भूमिका विषयको चिनारीमा नेपाल उत्पीडित जातीय मुक्ति समाजको चौथो महाधिवेशन र ८ पेजमा अद्यामको कुल जनसंख्याका २८ प्रतिशत दलितहरूको जनसंख्या हुनु पर्नेमा अन्यथा पर्न गएकोमा सच्याइएको छ ।

**– सम्पादक**

## आफ्नै सूचना

दलित निगरानी तपाईंलाई कस्तो लाग्यो ? यसमा समावेश गरिएका सामाग्रीहरू कस्ता छन् । तपाईंको कुनै सुझाव वा प्रतिक्रिया भए निम्न ठेगानामा पत्राचार गर्नु होला ?

दलित निगरानी पाक्षिक

**अनामनगर, काठमाडौं ।**
**फोन–०१–६९११६७३**
dalitnigarani@gmail.com

# पीडा धेरै, कारबाही कम



■ गणेश वि.के. "देउल्याल"

**दर्जनौ घटनाहरूले दलितहरूको अवस्था कस्तो छ भन्ने छर्लङ्ग हुन्छ तर यस्ता घटनालाई सरकार र त्यस मातहतका निकायले कारबाहीका लागि कुनै पहल गर्दैनन् भने अबको संविधानमा घटनाका पीडितले न्याय पाउँछन् भन्न सक्ने अवस्था भने छैन ।**

केही दिन अगाडि सुदूरपश्चिम, मध्यपश्चिम र कर्णालीका दलित अगुवाहरू काठमाडौंमा आएर संघीय लोकतान्त्रिक गणतन्त्रमा समेत आफूहरूले सोको कुनै अंश पनि अनुभूति गर्न नपाएको भन्दै आक्रोश र रोदन एक साथ पोख्दै भने दैलेख जिल्लाको नारायण मन्दिरमा दलितहरूले पटक पटक मन्दिर प्रवेशको आन्दोलन गरेपनि प्रवेश निषेध गरिएको छ। दैलेख जिल्लाको सदरमुकाममै रहेको जितनारायण श्रेष्ठको चिया पसलमा दलितहरूले चिया खान पाउनु पर्छ भनेर संघर्ष गरेपछि मूल ढोका बन्द गरेर पसलको पछाडि पट्टीको ढोकाबाट गैरदलितलाई चिया बेच्ने काम गरेका छन्। दैलेख जिल्लाकै ईन्द्र बहादुर सार्कीलाई बाटोमा हिड्दा छोइयो भन्ने आरोपमा मरणासन्न हुने गरी पिटे उक्त मुद्दा दर्ता प्रहरीले कुनै कार्वाही गरेन। डोटीको शैलेश्वरी मन्दिर प्रवेश आन्दोलनपछि मन्दिरको दोस्रो गेटसम्म मात्र सबैजना जाने सहमति भयो तर भित्री वा तेस्रो गेटसम्म पुजारी बाहेक कोही नजाने निर्णय गरियो तर दलितहरूलाई भने कोरो टिका दिने चलन बसालियो।

दाङ्का जिल्ला न्यायाधिशले आफ्नो बाबुको श्राद्धको प्रसाद अदालतमा कार्यरत दलित कर्मचारीबाहेक अरूलाई मात्र बाँड्नु भन्ने निर्देशन गरेको घटना सेलाउन नपाउँदै मुगुका सरकारी वकिलले आफू व्रत बस्दा महिनावारी भएको दलित महिलालाई कार्यालयबाट निकाली दिए। मुगुमै दलित स्वाँस्थ्यकर्मीले गैरदलित बिरामीलाई स्लाइन चढाउँदा छोएको पानी शरीरभित्र पस्यो भनेर स्लाइन नचढाउने घोषणा गरे, अन्य स्वास्थ्यकर्मीहरूले दलित समुदायका बिरामीलाई शारीरिक जाँच नगर्ने, घृणा गर्ने गरेका छन्। रुकुम तथा जाजरकोटमा झाडापखालाको प्रकोपमा दलितहरूको बढी मृत्यु हुनुको कारण सिनो खाएर हो भन्ने गलत प्रचार गरियो।

**अहिले यी सबै प्रतिनिधिमुलक घट्नाहरूलाई सम्बोधन हुने खालको नयाँ दलितमुखी संविधान चाहिएको छ ।**

डोटी जिल्लाको छतिवन गाविसको एक विद्यालयमा दलित र गैरदलित विद्यार्थीहरूले पानी ल्याउँछन् तर गैरदलित विद्यार्थीले ल्याएको पानी पिउन प्रयोग गरिन्छ भने दलित विद्यार्थीले ल्याएको पानी आँगन वा शौचालय सफा गरिन्छ। विद्यालयमा दलितले ल्याएको पानी खानुपर्छ भनेर दलित पियन नराख्ने चलन अहिले पनि छदैछ। दैलेख जिल्लाको मालिका माविका प्रअले दलित विद्यार्थीले छोएको पानी खादैनन्। दलित र गैरदलित विद्यार्थीको लागि विद्यालयमै फरक फरक भाँडो राखिएको छ। विद्यालयमा खाजा बाढ्ने क्रममा अधिकाँश विद्यार्थीलाई लिटो बाँढ्दा दलित र गैरदलित विद्यार्थीलाई छुट्टयाएर बाडिन्छ। अभिभावकले पकाएर सहयोग गर्ने भन्ने निर्णयमा दलित अभिभावकले पकाउन पालो खोज्दा गैर दलित अभिभावकहरूले लिटो दिने संस्थामा आएर पिठो नै नदिए नदिनुहोस तर डुमले पकाएको हाम्रा विद्यार्थीहरूलाई खान नदिने निर्णय सुनाए। केही दिन पछि उल्टै दलितहरूले गर्दा लिटो कार्यक्रम बन्द भयो भनेर आरोप लगाए।

डोटी जिल्लामा गोपाल सुचिकारले आफ्नो विवाह गर्दा डोली (कार्पेट) प्रयोग गरेकोले गैरदलितहरूले कुटपिट गरे। दैलेख जिल्लाको कट्टि गाविसमा दलितहरूले शंख बजाउँदा शानघाटमा नै दलितहरू कुटिए। डोटी जिल्लाका एक दलित युवाले आफ्नो विहेपश्चात गाउँका मुखिया समक्ष आर्शिवाद लिन अस्वीकार गरेका कारण मरणसन्न हुने गरी पिटिए। दैलेखको साईं गाउँमा दलित महिलाको मृत्यु हुँदा दलित पुरुष नभएका कारण तीन दिनसम्म छुवाछुतका कारण लास उठाउन सहयोग गरेनन्। दैलेख जिल्लाको चामुण्डामाई मन्दिर प्रवेश गरी पूजाआजा गर्दा घण्ट चोरेको आरोप लगाई दलित सवालमा काम गर्ने संस्थाहरूलाई जातीय दंगा निम्त्याउने आरोपमा गाविसबाट बहिष्कार गर्ने निर्णय गरियो। जाजरकोट जिल्लाको नायकबाडामा दलित केटी र गैरदलित केटाबीच विवाह गर्ने सहमति भएको तर घरको दवावमा केटा सहमत नभएपछि केटीले आत्म हत्या गरिन्। सोही जिल्लाको खलंगास्थित राउत गाउँमा गैरदलित र दलितका बीचमा जातीय विभेदका कारण विवाह गर्न नसक्दा भेरी नदीमा सामूहिक आत्महत्या गरे। डडेल्धुराको जल उत्पन्न प्रकोपका कर्मचारी दीबगर मिश्रले आफ्नो चिया पसलमा चिया खाएको गिलास नमाझेकोमा महेन्द्र उच्च माविका परिचर महाबीर सार्कीलाई सार्वजनिक रूपमा अपमानित गरे त्यसका विरुद्ध अदालतमा जाँदा उल्टै महावीरले हार्नु पऱ्यो।

दैलेख जिल्लाको जगन्नाथ गाविसबस्ने अमृत बि.क र सविता शाहीबिच भएको प्रेम विवाहमा केटाबाट काँचो कोशेली भनेर रु.७५,००० माइतीहरूले लिएर केटीलाई अन्तै विवाह गराइदिए। अछाम जिल्लाको विनायक गाविसमा गैरदलित पुरुष र दलित महिलाबाट भएको गर्भ दलित पुरुषलाई आरोप लगाई रु ८४,००० जरिवाना गराइयो। अछामको भैरवस्थान गाबिसका नौले कामीलाई आफू हलिया बसेको घरको मालिककी श्रीमतिसँग यौन सम्बन्ध राखेको आरोपमा नौलेलाई कुटपिट गरी २ तोला सुन जरिवाना गराउनुका साथै निज नौलेलाई गाउँमा बस्न नदिने गरी देश निकाला गरियो। दैलेख जिल्ला अदालतले दलितलाई रक्षा बन्धन गर्नु हुदैन भन्दै रक्षा बन्धन नगरेकोमा अदालतमा मुद्दा परेपछि अदालतले १ महिना कैद सुनायो तर पीडक जेलमा छैनन्। बरू त्यस घट्नाका विरुद्ध देशभरिका ब्राह्मण समाजले प्रतिकार गर्ने उद्घोष गरे। कपिलवस्तुको एक इटा भट्टामा एक दलित बालिकाको वली दिइयो। धनुषाको ११ वर्षे बालिकालाई घरबाट लगेर सामुहिक बलात्कारपछि हत्या गरियो तर कुनै खोजी भएन।

यी त उदाहरण मात्र हुन। यस्ता असंख्य घट्नाहरू घट्ने गरेका छन्। छुवाछूत मुक्तराष्ट्र घोषणा गरिसकेको नेपाल सरकारले अहिलेसम्म कानूनसमेत बनाएको छैन। हालै स्थानीय विकास मन्त्री पूर्णकुमार सेर्माले व्यवस्थापिका संसद् समक्ष जातीय भेदभाव तथा छुवाछूतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०६६ पेश गरेका छन्। तर यो विधेयक सार्वजनिक स्थानको छुवाछूतसँग मात्र सीमित छ। जसले माथि उल्लेखित घट्नाहरूलाई सम्वोधन गर्न सक्दैन। यसका लागि नेपालको अन्तरिम संविधान २०६३ मा नै संशोधन गर्नु पर्ने देखिन्छ। संविधान यथावत राखेर बनेको ऐनको कुनै अर्थ हुनेछैन। त्यसैले अहिले यी सबै प्रतिनिधिमुलक घट्नाहरूलाई सम्वोधन हुने खालको नयाँ दलितमुखी संविधान चाहिएको छ। नयाँ संविधानले उक्त उल्लेखित सवालहरूको सही सम्बोधन गर्न सकेको खण्डमा छ दशक लामो नेपाली दलित आन्दोलनले पुस्तौंपुस्ताको जातीय विभेद, छुवाछूत र असमावेशीकरण खेपिरहेका ५० लाख दलितहरूमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्वाद पुगेको मानिने छ।

# सेतु बन्न तयार होऊ



■ शान्ति वर्मा

**आन्दोलन गरिएन भने दलित समुदायले धैरै अधिकार पाउने सम्भावना कम छ । सिंगो दलित समुदाय अधिकारबाट वञ्चित भएमा दलित महिला स्वतः अधिकारविहीन हुन्छन् । त्यसैले दलित महिलाहरुले संघर्ष गर्नु अति आवश्यक छ । अधिकतम् अधिकारका लागि लाखौ दलित महिलाहरू सेतु विक बन्न तयार हुनुपर्छ ।**

**के ऐतिहासिक जनआन्दोलनको महान शहिद सेतु विकको रगतले पुरुष प्रधान नेतृत्वलाई छोएको छैन ?**



सदियौंदेखि उत्पीडन भोग्दै आएका दलित समुदाय लोकतान्त्रिक गणतन्त्र आइसक्दा पनि जातीय उत्पीडनबाट मुक्त हुन सकेका छैनन् । हिजोको जस्तै उत्पीडन आज पनि कायम छ । प्रकृति फरक भए पनि सिंगो दलित समुदायले मुलुकका कुनै भू-भागमा उत्पीडनबाट मुक्त हुन सकेको अवस्था छैन । दलितहरूको अवस्था सुधार भएको देखिए पनि त्यसले नेपाली समाजलाई खासै असर पार्न सकेको छैन । नेपालका सिंगो दलितहरूको समस्या त कहाली लाग्दो छदैछ, त्यसमा पनि दलित महिलाहरूको समस्या झन कहाली लाग्दो छ । उनीहरू त्यसै पनि छुवाछूतको मारमा छँदैछन् । त्यसको अलावा दलित महिलाहरू दोहोरो तेहोरो मारमा परेका छन् । अन्य महिलाहरू परिवारिक समस्यामा मात्रै अल्झिएका हुन्छन् भने दलित महिलाहरू परिवारिकदेखि सामाजिक समस्यामा समेत परेका छन् ।

धनी र सम्पन्न राष्ट्रहरूका महिलाहरूले चुनौतीका साथ राज्य संचालन गरिरहेका छन् । तर नेपाल जस्तो अर्धसामन्ती व्यवस्थामा रुमलिएको यो समाजले महिलालाई शक्तिमा ल्याउन चाहेको छैन । त्यसको परिणामस्वरूप महिलाहरूले चुल्हो चौकीबाट छुट्कारा पाउन कठिन भइरहेको छ । शिक्षित भनिएकाहरूले समेत महिलालाई घुमाउरो प्रकारले बन्धनमा राखेका छन् । खाली महिलालाई भोग बिलासको साधनको रुपमा हेरिएको छ । सन्तान उत्पादन गर्ने फ्याक्ट्रीको रूपमा लिन्छ, यो पुरुषवादी समाजले महिलालाई । जसको कारण महिलाहरू हरेक कुरामा पछाडि पारिएका छन् । दलित महिलाको अवस्था पनि त्यही हो ।

विगतको तुलनामा महिलाहरूको अवस्था सुधार नआएको भने होइन् । सुधार थोर बहुत भएको छ । यो मुलुकमा करिब ५१ प्रतिशत महिलाहरूको जनसंख्या छ तर राज्यका हरेक निकायमा महिला सहभागितालाई हेर्ने हो भने थोरै मात्रै राज्यको मूलधारमा आएको अवस्था छ । हुन त अन्तरिम संविधानले महिलाका लागि ३३ प्रतिशत आरक्षण दिने भनेको छ तर व्यवहारमा त्यो देखिएन । अन्य महिलाको त यस्तो दुर्दशा छ भने दलित महिलाको अवस्था चुनौतिपूर्ण छ । राज्यको निर्णायक तहमा दलित महिलाको सहभागिता लगभग शुन्य जस्तै छ । केवल समावेश भएका पनि देखाउने दाँतको रुपमा उपयोग भएका छन् । आरक्षण हरेकका लागि राजनीति गर्ने हतियार बनेको छ । राज्यले छुट्याएको ३३ प्रतिशत आरक्षणमध्ये दलित महिलाका लागि कति प्रतिशत दिइने हो त्यसको अहिलेसम्म कुनै टुंगो छैन । आरक्षण दिएको अवस्थामा पनि दलित महिलाहरू ठगिएका छन् । राज्यद्वारा छुट्याइएको ३३ प्रतिशत आरक्षण दलित महिलाका लागि होइन कि भन्ने भ्रम गैरदलित महिलाहरूमा देखिएको छ । यदि दलित महिलाहरूले त्यो ३३ प्रतिशत आरक्षणमध्ये निश्चित प्रतिशत आरक्षण पाउने व्यवस्था नगरिने हो भने दलित महिलाको जीवनस्तर उकास्न कठिन हुनेछ ।

मुलुक परिवर्तनका लागि महिलाहरूले खेलेको योगदानलाई कसैले भुल्ने प्रयत्न गर्छ भने उसलाई इतिहासले धिक्कार्नें छ । १०४ वर्षे राणा शासन, ३० वर्षे पञ्चायती कालरात्री हुँदै ०६२/०६३ सालको ऐतहासिक जनआन्दोलनमा महिलाहरू सडकमा ओर्लिए । महिलाहरू सडकमा लउत्रिएको भए सम्भवतः परिवर्तन सम्भव थिएन । महिलाहरूले देखाएको अभूतपूर्व साहसले मुलुकलाई तानाशाही जन्जिरबाट मुक्त गर्न सफल भएको छ । तर विडम्बना, राज्यले महिलाहरूको त्यो अदम्य शाहसलाई बिर्सिएको छ । राजनीतिक दलहरूले समेत महिलालाई उपेक्षा गरेका छन् । उनीहरूको क्षमताको कदर दलहरूले गर्न सकेका छैनन् । हरेक पार्टीका केन्द्रीय समितिमा हेर्ने हो भने महिलाहरूको सहभागिता कम छ । ३३ प्रतिशत राज्यले छुट्याएको भए पनि कुनै निकायमा ३३ प्रतिशत कार्यान्वयन भएको छैन । ५० प्रतिशत आरक्षण माग भइरहेको यो अवस्थामा ३३ प्रतिशत नै कार्यान्वयन नहुनु यो जस्तो दुःखको कुरा अरू के हुन सक्छ र ?

आधा हिस्सा ओगटेका महिलाहरूको त यो हविगत छ भने दलित महिलाहरूको अवस्था कस्तो होला ? हामी आफैं अनुमान गर्न सक्छौं । मुलुक परिवर्तनका हिस्सेदार राजनीतिक दलका केन्द्रीय समितिमा दलित महिलाको उपस्थिति शून्य जस्तै छ । तिनका जनवर्गीय संगठनहरूमा समेत दलित महिलाको सहभागिता अति न्यून छ । इभन दलित जनवर्गीय संगठनहरूमा समेत दलित महिलाको उपस्थिति मात्रै देखिन्छ । के ऐतिहासिक जनआन्दोलनको महान शहिद सेतु विकको रगतले पुरुष प्रधान नेतृत्वलाई छोएको छैन ? यदी सेतु विक जस्ता महान दलित महिला शहिदको रगतले पोल्छ भने राज्यका हरेक निकायमा दलित महिलाका लागि आरक्षणको व्यवस्था गर्नुपर्छ । महिलाका लागि छुट्याइएको ३३ प्रतिशतलाई सय मानेर २० प्रतिशत दलित महिलाका लागि सुनिश्चित गरिनुपर्छ । दलितका लागि भनिएको १३ प्रतिशतमा पनि दलित महिलालाई आधा छुट्याउनुको कुनै विकल्प छैन । नेपाल उत्पीडित जातीय मुक्ति समाजले अंगिकार गरेको आसन, शासन, रासनसहितको प्रगतिशिल आरक्षणलाई सबैले अंगिकार गर्ने हो भने मात्रै दलित महिलालाई राज्यको हरेक निकायमा समानुपातिक सहभागिता गराउन सम्भव छ ।

अहिले संघीयताको अभ्यास भइरहेको छ । संघीयताका विषयमा फरक फरक मतहरू पनि आइरहेको यो बेलामा दलित समुदायले बहस चलाउन जरूरी छ । जस्तो सुकै संघीय राज्य बने पनि दलितका अधिकतम् सुनिश्चित गराउन दलित समुदायले यतिबेलै आन्दोलन चर्काउनु पर्छ । आन्दोलन गरिएन भने दलित समुदायले धैरै अधिकार पाउने सम्भावना कम छ । यदि सिंगो दलित समुदायले अधिकारबाट वञ्चित भएमा दलित महिला स्वतः अधिकार विहीन हुने अवस्था आउन सक्छ । त्यसका लागि पनि दलित महिलाहरूले संघर्ष गर्नु अति आवश्यक छ । अधिकतम् अधिकारका लागि लाखौ दलित महिलाहरू सेतु बिक बन्न तयार हुनुपर्छ ।

*वर्मा, नेपाल उत्पीडित जातीय मुक्ति समाजकी केन्द्रीय सदस्य हुन् ।*

# ‘बुर्जुवा गणतन्त्रमा मुक्ति असम्भव’

**देश संघीयतामा गइसकेको छ तर चित्रबहादुर केसीले नेतृत्व गरेको राष्ट्रिय जनमोर्चाले भने संघीयताको विरोध गरिरहेको छ । २०१४ सालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टीबाट राजनीति प्रारम्भ गरेका केसी संविधानसभामा स्पष्ट वक्ताका रूपमा चिनिन्छन् । उनी राष्ट्रिय जनमोर्चाको तर्फबाट निर्वाचित सभासद् हुन् । प्रस्तुत छ, अध्यक्ष केसीसँग *दलित निगरानी* ले गरेको कुराकानी**

**दलितका समस्यालाइ कसरी हेर्नुभएको छ ?**

नेपालमा दलित समुदायको समस्या अत्यन्तै विकराल छ । बुर्जुवा गणतान्त्रिक व्यवस्थामा दलित समुदायका समस्यालाई पूरै समाधान गर्न सक्दैन । किनभने लोकतान्त्रिक व्यवस्था भनिएको भए पनि मूलत: यो प्रतिक्रियावादी व्यवस्था नै हो । अल्पसंख्यक, बहुसंख्यक, दलित, जनजाति र उत्पीडित वर्गमाथि सीमित वर्गले शाषन गर्ने व्यवस्था हो । हिजोको केन्द्रिकृत सामन्ती ब्यवस्थाको तुलनामा केही सुधार भएपनि धेरै प्रगति भएको छैन । त्यसैले दलित समुदायले आफ्नो हक अधिकारको कुरा उठाउने र संगठित भएर आन्दोलनमा होमिन सक्ने अवस्था नआएसम्म दलित समुदायको पूर्ण मुक्ति सम्भव छैन ।

**दलित समुदायको पुर्ण चाहिँ मुक्ति कहिले होला ?**

त्यसको लागि त नयाँ जनवादी क्रान्ति सम्पन्न हुनैपर्छ । तर अहिले तत्काल जनवादी क्रान्तिको सम्भावना छैन । ०६२/०६३ को उपलब्धिलाई उपयोग गरेर नयाँ जनवादी क्रान्तिको आधार तयार गर्ने हो । यो कामका लागि दलित समुदायले आवाज उठाउनुपर्छ ।

**तपाई संवैधानिक समितिमा हुनुहुन्छ, तर संवैधानिक समितिको मस्यौदामा दलित समुदायलाई पाखा लगाइएको छ, किन ?**

शोषणप्रधान समाजले दलित मुक्तिका लागि नियम, कानुन र संविधान बनाउन सक्छ भनेर आशा गर्नु बेकार छ । अर्को कुरा संवैधानिक समितिमा दलित साथीहरू हुनुहुन्छ । दलितको पक्षमा बोल्नेहरू अल्पमतमा हुन्छन् । म र अल्पमतमा रहेका दलित साथीहरूले समितिको वैठकमा टाउको फुटाए पनि दलितका पक्षमा संविधान बन्लान, नियमावलीहरू पास हुन्छन् भन्न सक्ने अवस्था छैन ।

**त्यसो भए अबको संविधानमा दलितको अधिकार सुनिश्चित नहुने भयो होइन ?**

सीमित अधिकार सुनिश्चित होलान् । तर केही गरी अधिकार कागजमा लेखिए पनि त्यो कार्यान्वयन हुँदैन । कागजी रूपमा लेखिए पनि कार्यान्वयन तहमा शोषकहरूका प्रतिनिधिहरूको बहुमत भएकोले केही हुने अवस्था छैन । संविधानमा उल्लेख गरे पनि कसैले चर्को भाषण गरेपनि कार्यान्वयन हुँदैन भन्ने ठूलो शंका छ । त्यसकारण यो बर्जुवा व्यवथाबाट शोषित, पीडित र वर्षौंदेखि उत्पीडनमा पारिएको दलित समुदायको मुक्ति हुन्छ भन्ने मलाई लाग्दैन । नेपाली जनताले अपेक्षा गरेजस्तो संविधान बन्दै बन्दैन र बनाउनेवाला पनि छैनन् ।

**तपाईहरूले संघीयताको विरोध गरिरहनु भएको छ, तपाईले परिकल्पना गरेको राज्य ब्यवस्थामा दलितको अवस्था कस्तो हुन्छ ?**

अहिलेको व्यवस्थामा आरक्षणको माध्यमबाट दलितलाई राज्यको नीति निर्माण तहमा समावेश गराउन सकिन्छ । यो सुधारात्मक मात्रै हो । जुन कारणले यो देशमा दलित समुदायलाई दबाइएको छ त्यो व्यवस्थाको अन्त्य त हुनु पर्‍यो नि । रूढीवादी र बुर्जुवा व्यवस्थालाई नफ्याँसम्म मुक्ति हुँदैन । हामीले संघीयताको विरोध गरेका छौं तर हामीले विकल्प पनि त अघि सारेका छौं । वर्षौंदेखि उत्पीडनमा पारिएका जनताको मुक्तिका लागि आवाज उठाइरहेका छौं । कुनै पनि जनताले यो या त्यो बहानामा पीडित बन्नु नपरोस् भन्ने हाम्रो चाहाना हो ।



**चित्रबहादुर के.सी.**
**अध्यक्ष, राष्ट्रिय जनमोर्चा**

**जातीय र संघीय दुवै प्रकारका राज्य बन्नु हुदैन भनिरहनु भएको छ । कारण के हो ?**

समाज वर्ग संघर्षबाट अघि बढ्छ । जातीय संघर्षले यो समाजलाई झन पछाडि पार्छ । जातीय राज्य भएका ठाउँहरूमा जातीय द्वन्द्व भएका छन् । जातीय मुक्ति नदिनका लागि र जातिहरूलाई भड्खालोमा पार्नका लागि केहीले जातीय नारा उचालेका हुन । प्रत्येक जातिले प्रत्येक जातिलाई शोषण गरेका हुन्छन् । त्यसकारण जातीय द्वन्द्वले प्रतिक्रियाबादीहरूको स्वार्थलाई पूरा गर्न मद्दत पुग्छ । जातीय राज्य ती शोषित र पीडित जनताको पक्षमा हुदैन । जातीय राज्य दिदैमा जातीय मुक्ति हुन्छ भनेर अहिले भ्रम फिजाइएको छ । त्यो राजनीति गर्ने नारा मात्रै हो, जनतालाई मुक्ति दिने नारा होइन ।

**तपाईंकै जिल्लालाई केन्द्रित गरेर दलितका लागि भगत सर्वजीत उपराज्य बनाउने प्रस्ताव गरिएको छ, तपाईलाई यो प्रस्ताव कस्तो लाग्यो ?**

माओवादीले अहिले मुलुकलाई प्लटिङ गरेर बेच्न खोजे जस्तै ठाउँठाउँमा जातीय राज्य घोषणा गरिरहेका छन् । त्यो पनि त्यसैको नक्कल हो । भगत सर्वजीत जस्ता दलित आन्दोलनका अगुवाको नाम बेचेर जातीय राज्य बनाउन खोज्नु स्वयम् भगत सर्वजीतको उपहास गर्नु हो । त्यस्ता उटपट्याङ कुराले दलितको मुक्ति हुदैन, बरू झन् समस्या खडा गर्छ । विभिन्न जातिका नाममा राज्य बाँढ्दै हिड्ने हो भने न त गणतन्त्रको संस्थागत विकास सम्भव छ न त, नयाँ संविधान लेखिन सक्छ ।

सभासद् चिनारी **खड्गबहादुर विश्वकर्मा**

# ‘संघर्षले जन्माएको नेता’

**खड्गबहादुर विश्वकर्माले कालीकोटे जनताको अपार माया र ममताले गर्दा धेरै पटक मृत्युलाई पराजित गरे । धेरै पटक सुरक्षाकर्मीहरुको सुरक्षा घेरा तोडे । कैयो पटक त जनताको साहाराले सुरक्षाकर्मीहरूको भीडलाई तितरबितर पारे । २०५४ सालको हिउँदको चिसो सिरेटोमा आफ्नै गाउँमा सेल्टर लिएर बसेको बेला सुरक्षाकर्मीहरुले घेरा हाले तर महिला, बालबालिका र वृद्धवृद्धाको प्रतिकारपछि उम्किए । धेरै पटक कालसँग भिडन्त गरे । मृत्युको मुखमा पुगेर उम्किदा धर्तीलाई साँछी राखेर उनी हाँसेका थिए ।**

कर्णाली अञ्चलको विकट पहाडी जिल्ला, कालिकोट जिल्लाको माल्कोट-४ मा २०२५ सालको जन्म, पिछडिएको दलित वस्ती, मध्यम वर्गीय परिवार, कालिकोट जिल्लाबाटै पहिलो पटक प्रवेशिका परिक्षा उत्तीर्ण गर्ने पहिलो दलित विद्यार्थी । कालीकोट जिल्लाको शाहसिक र कर्मवीर योद्धा । अन्याय र अत्याचारको तत्काल प्रतिरोध गर्ने, वर्ग संघर्षलाई प्रधान ठान्ने, समाज परिवर्तनप्रेमी, पुर्व मन्त्री, सभासद् आदि जोडिएको छ, विश्वकर्माको परिचयसँग ।

घर नजिकैको प्राथमिक विद्यालयबाट अध्यन थालेर सोही विद्यालयमा पढाँउन उनले ठूलो चुनौतीको सामना गर्नु परेको थियो । समाजमा रहेको असमानता, गरिबी, दलितमाथि हुने जातीय शोषण, स्थानीय सामन्तहरुको हेपाहा प्रवृत्ति, ठकुरी बाहुनहरूको हेपाई, आदि कारणले उनलाई राजनीतिमा होम्यायो । २०४६ सालमा तत्कालीन नेकपा (मशाल) जसलाई त्यतिबेला मोटो मशाल भनिन्थ्यो, त्यसको युवा संगठनमार्फत राजनीति शुरूवात गरेका विश्वकर्माले मोटो मशालमा रहेर पाँच वर्ष अर्ध भूमिगत जीवन बिताए । गाउँको विद्यालयमा पढाउँदा पनि उनले भूमिगत नामबाटै संगठन विस्तारलाई प्राथमिकता दिए । पार्टीले जनयुद्ध गर्ने निर्णय गरेपछि पुसको अन्तिम साता उनले जागिरलाई तिलाञ्जली दिए र लागे बन्दुक बोकेर जनयुद्धतर्फ ।

२०५२ साल फागुन १ गते माओवादीले जनयुद्धको थालनी गरेपछि उनले सम्पुर्ण जीवन जनयुद्धलाई सुम्पिए । जनयुद्धको दौडानमा उनले धेरै आरोह अवरोह पार गरे । १२ बर्षका कडा भूमिगत युद्धपछि सरकार माओवादीको शीर्ष वार्ता टोलीको सदस्यमार्फत उनको भूमिगत जीवनमा पुर्ण बिराम लाग्यो । उनको इमान्दारितालाई हेरेर माओवादीले माओवादीको तर्फबाट वार्ता टोलीको सदस्य बनाएको थियो ।

‘प्रकाण्ड’ उपनामले चिनिने विश्वकर्माले जनयुद्धको क्रममा विभिन्न जिम्मेवारीहरू बहन गरेका छन् । उनी २०५८ जेठ २० मा माओवादीले घोषणा गरेको कालिकोट, अछाम र बाजुरा जिल्लाको जनसरकार प्रमुख भएका थिए । २०६१ माघ ५ गतेदेखि उनी भेरी-कर्णाली स्वायत्त जनसरकारको प्रमुखसमेत भए । २०६३ मंसिर ५ गते सरकार र माओवादीबीच बृहत शान्ति सम्झौता भएपछि भने माओवादीले आफ्ना सम्पुर्ण जनसरकारहरू भंग गरेको थियो । हाल माओवादीको दलित जनवर्गीय संगठनको सेक्रेटरीसमेत रहेका विश्वकर्माले विभिन्न कालखण्डहरूमा विभिन्न मोर्चा सम्हालेका छन् । उनले युवा, दलित, शिक्षक लगायतका मोर्चाको नेतृत्व गरे भने भेरी-कर्णाली ब्यूरोअन्तर्गत सुचना तथा सञ्चार, प्रकाशन, सहकारी, प्रशारण, स्वास्थ्य, आर्थिक तगायतको मोर्चाको ईन्चार्ज भएर समेत काम गरेका छन् ।

त्यति मात्रै होइन, उनी धेरै पटक युद्धको भुमरीमा परेका छन् । माओवादीले २०५६ सालमा सञ्चालन गरेको ‘भेरी-कर्णाली हातेमाले अभियान’ अन्तर्गत अछाम जिल्लाको रामेरोशन गाविसको अल्लेरीको कुनामा समीक्षा कार्यक्रम भइरहेको बेला सुरक्षा फौजले भीषण आक्रमण



गऱ्यो । त्यस्तै २०६० मा भेरी कर्णाली अन्तर्गत जनशैन्य मार्च सञ्चालन गर्दा रोल्पाको भगवती गाविसमा जिल्ला जनसरकारको अधिवेशन भइरहेको बेला सुरक्षा फौजले हवाई आक्रमण गऱ्यो । २०६१ असोजमा दैलेखकै नौमुलेमा पनि आक्रमणमा परेका छन् । ‘सानातिना आक्रमण त कति हो कति’ उनले भने, ‘ जनयुद्धमा बिर्सनै नसकिने खालका आक्रमणहरूको सामना गर्नु पऱ्यो ।’ लाग्छ उनलाई अहिले पनि जनयुद्धमै छ ।

जनयुद्धको समाप्तीसँगै नेकपा माओवादी २०६३ माघ १ गते सिंहदरवार छिऱ्यो । उनी पनि त्यसबेला व्यवस्थापिका संसद्को सदस्य बनेर सिंहदरवार छिरे । सिंहदरवारको छिराई उनका लागि राजनीतिक भऱ्याङ बन्यो । २०६३ चैतमा माओवादी पहिलो पटक क्रान्तिकारी गर्जनका साथ सरकारमा गयो । विश्वकर्मालाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिईयो । त्यसबेला बनेको अन्तरिम सरकारले खासै काम गर्न सकेन तर उनले भने आफुले पाएको मन्त्रालय सफल रुपमा चलाएको दाबी गरे । ‘बर्षौदेखिको ब्यूरोक्रेसी बदल्न सफल भएको छ’ उनले भने, ‘पुराना नीति र संरचनालाई परिवर्तन गर्न ठूलो समस्या पऱ्यो । त्यो संघर्षले सफलता दिलायो ।’

ऐतिहासिक संविधानसभाको निर्वाचनमा कालीकोट जिल्लाको क्षेत्र नं. १ बाट ५१.७० प्रतिशत मत पाएर विजयी बने । उनी अहिले संविधानसभा अन्तर्गत संवैधानिक समितिको सदस्य छन् । संविधान निर्माण प्रक्रिया लगभग अन्तिम चरणमा आईपुग्दा पनि दलितको पक्षमा संविधान बन्दैन कि भन्ने शंका उठिरहेको छ । त्यस्ता शंकाको निवारण गर्दै दलितको पक्षमा अधिकतम् अधिकार लेखाउने जिम्मा उनीसहित ४९ जना दलित सभासद्को हो । ‘तर करिब ६० लाख दलितको मुद्दालाई पाखा लगाइन्छ की भन्ने खतरा उत्तिकै छ’, उनले भने, ‘दलित सभासद् मञ्च क्रियाशील हुन थालेकाले अब दलितका साझा मुद्दा एक भएर उठ्ने छ ।’ दलित समुदायको मुक्तिका लागि दलित एकताबिना सम्भव नहुने उनको बुझाई छ । दलित समुदायले यो राज्यको मालिक बन्ने वातावरण नहुन्जेल दलित सभासद्हरू, नागरिक समाज, बुद्धिजीवी, र दलित जनवर्गीय संघ संगठनहरूको एकता आबश्यक पर्ने उनी बताउँछन् ।

**प्रस्तुतिः गोपाल बराइली**